# लिम्बूहरूको विद्रोह



**हर्कजङ कुरुम्बाङ (लिम्बू)**

धेरै किरात इतिहासविद्ध र लेखकहरूले लिम्बू र लिम्बुवानको विषयमा व्याख्या र विश्लेषण गरिसकेका छन् । दश सरदार लिम्बुहरूको सन्तानले आठ आपुङ्गी राजाहरूको निरङ्कुश शासन माथि विद्रोह गरी हराएको वा युद्ध जितेको भन्ने लेखहरू प्रशस्तै पढ्नु पाएतापनि त्यो विद्रोह कहिले भएको थियो कसैले सालसम्म खुलाएको पाइन्दैन । यो लिम्बुहरूको लागि एउटा खोज मूलक विषय हो । लिम्बूको संक्षिप्त इतिहास र थेबे वंशावलीका लेखक प्रसाद थेबेकोअनुसार लिम्बुहरूको विद्रोह वि.सं.१३०० को शताब्दीतिर भएको अनुमान गर्नु हुन्छ । विद्रोह पछि विशाल आमसभा गरी देशको नाम, सिमाङकन, कसरी राज्य सञ्चालन गर्ने र जनता कसरी मिलेर बस्ने भन्ने विषयमा बृहत छलफल गरेका थिए । सभाले पहिलाको निरङकुस शासनको अन्त्य भएको महाफेदाप देशलाई दश प्रान्तमा विभाजन गरे । देशको सिमाना उत्तरमा तिब्बत, दक्षिणमा इण्डियाको जलालगढ, पूर्वमा मेची र पश्चिममा अरुण नदी कायम गरे । धनुर्बाण (लि+तोङ) प्रयोग गरी युद्ध जितेको हुनाले सो ठाउँको नाम लिम्बुवान राखे । दश प्रान्तमा बस्ने सबै जनता दश लिम्बू याक्थुङबा भनी सम्बोधन गरी बस्ने र त्यहाँका नियम कानून मान्ने प्रस्ताव पारित गरे ।

दश प्रान्तका राजाहरू निम्नअनुसार छनौट भई आ-आफ्नो क्षेत्रमा शासन सञ्चालन गर्न थाले । (१) चार्खोल-इमेहाङले पाए र आङ्दाङ् इलाम गढ (यक) बनाइ राज्य सञ्चालन गरे (२) तमर खोला-सामलुप्ली साम्बाहाङले पाए र उहाँले तम्बर गढ (यक) बनाइ राज्य गरे (३) तेह्रथुम-ताप्पेसो पेरुहाङले पाए र थाला गढ (यक) बनाइ राज्य गरे (४) आठराई-थाकथाकसो आङबोहाङले पाए र पोमाजङ गढ (यक) स्थापना गरे (५) याङ्वरक-तिन्दोलुङ कोयाहाङ चुनिए र उहाँले हस्तपुर गढ (यक) बनाइ राज्य सञ्चालन गरे (६) मेवा खोला-सिसियेङ श्रेङ हाङले पाए र मिरिङ्देन् गढ (यक) बनाए (७) पाँचथर-यिङ्सो पापोहाङले पाए र यासोक फेदेन गढ (यक) बनाइ राज्य गरे (८) छथर-खजुमहाङले पाए र चामलिङ् चिमलिङ् गढ (यक) बनाए (९) चौबिस-सोइयाक लाहोहाङले पाए र शान गढी (यक) (हालको साँगुरी) मा बसी राज्य सञ्चलन गरे (१०) फेदाप थुम-सेङ्सेनगुम फेदापहाङले पोकलबाङ् गढ (यक) बनाइ राज्य गरे । फेदापमा सेङसेनगुम फेदापहाङ पछि को उत्तराधिकारी, फेदाप्पे वंशावली लेखकहरूले खोज्न बाँकी नै देखिन्छ । फेदाप थुमको फेदाप्पे (सातरे) लिम्बुहरूका वंशावलीहररू अध्ययन गर्दा थेबेको अनुमानसंग ठ्याम्मै नमिले पनि धेरै नजिक देखिन्छ । कुरुम्बाङ, हुक्पा चोङबाङ, खापुङ, हाङस्रोङ् र तुम्बाहाङ्फे वंशावलीहरू १३०० र १४०० सताब्दी तिर जोडिनु पुगेको देखिन्छ । यहाँ फेदाप्पे लिम्बुहरूको गढ (यक) र सेङ्सेनगुम फेदापहाङको गढ (यक) एउटै पोकलबाङ् यक मान्दै आएको पाइन्छ ।

“लिम्बू” शब्द लिम्बुहरू हामी किरात वंशका हौं भनि गौरव गर्दछन् । इतिहास विद्व ईमान सिंह चेमजोंगले दश सरदार लिम्बुहरूको सन्तानले आठ आपुङ्गी राजशासन माथिको विद्रोहमा धनुर्बाण (लि+तोङ) प्रयोग गरी जितेको

प्रान्त भएकोले त्यो ठाउँमा बस्ने जनता याक्थुङबा लिम्बू भएको भनेका छन् । संक्षिप्त नेपाल इतिहास वि.सं. २०११ लेखक सुब्बा प्रेमबहादुर मावोहाङ लिम्बू र भुपेन्द्रनाथ शर्मा ढुंगेलको लेखअनुसार नेपाल खाल्टोमा ३३ पुस्ता किरातहरूले राज्य गरेको र अन्तिम किरात राजा योक्नेहाङ भएको र उहाँको दुई छोरा मध्ये जेठा लेलिमहाङ कान्छा खाम्सोसोहाङ थिए । जेठा लेलिमहाङको सन्तान लिम्बू भएको भनेका छन् । लिम्बुवान २०६३, लेखक अर्जुनबाबु माबुहाङ लेख्नु हुन्छ सेन र शाहहरुले लिऽलिम भन्दा भन्दै लिम्बू भएको लेख्नु हुन्छ । डुंग्राबस्ती, कालेम्पोङ्, इन्डियाका भाषा प्राध्यापक खगेन्द्रबहादुर सम्बाहाङफे भन्नु हुन्छ ‘लिइङ+फु’ बाट लिम्बू भएको बताउनु हुन्छ । लिम्बू भाषामा “लिइङ” को अर्थ कुनै कुरा अंगमा अथवा वंश देखि वंशमा सार्ने वा प्रवेश गराउने प्रकृयालाई लिइङ्मा भनिन्छ र “फु” को अर्थ दाजुभाइ हुन्छ । उहाँको भनाइअनुसार “लिइङ+फु” को अर्थ भाइभैयात बनाएको हुन्छ । यी माथिको विद्वद्वर्गहरूको भनाइ हो भने बीचका बुढापाका, मझौला लिम्बुहरू भन्छन्, “लिङ+पुन” बाट लिम्बू भएको हो । लिम्बू भाषामा “लिङ” को अर्थ उम्रिनु “पुन” को अर्थ माटो उधिनेको हुन्छ। यसरी विभिन्न तवरले व्याख्या र विश्लेषण गरिएता पनि आधिकारिकरूपमा सेन र शाहहरूको राज्यकाल देखि लिम्बू शब्द जातिमा उल्लेख भएको देखिन्छ । जुन लिम्बुहरूले प्राप्त गरेको लालमोहर र रोक्का पत्रहरूबाट प्रमाणित हुन्छ । लिम्बुवान शब्द इतिहासविद्व ईमान सिंह चेमजोंगले दश सरदार लिम्बुहरूको सन्तानले युद्ध गरी जितेको क्षेत्रलाई लिम्बुवान भएको भनेका छन् ।

लिम्बू भाषामा (लि+तोङ+आबु+वाङ+ना+दु+बा) धनुर्बाण प्रयोग गरी जितेको अर्थमा नाम राखेको भन्ने बुझिन्छ । तर, लिम्बूको संक्षिप्त इतिहास र थेबे वंशावली लेखक प्रसाद थेबे लेख्नु हुन्छ वान शब्द को अर्थ चिनियाँ भाषामा ठाउँको नामसंग जोडिने शब्द हो भनेका छन । जस्तैः- सेचुवान, ताईवान आदि । उहाँले लिम्बू नभइ लिम्बो हुनु पर्ने र त्यस्को अर्थ चिनियाँ भाषामा धेरै परिश्रमगरी प्राप्त गरेको ठाउँ र वान जोडी लिम्बुवान भएको लेख्नु हुन्छ । चेमजोंग र थेबेको शब्द फरक भए पनि भन्नु खोजेको एउटै हुन आउँछ । थेबेअनुसार यहाँ धेरै परिश्रम गरेर पाएको ठाउँलाई लिम्बुवान भएको भने, खम्बुवान चाहिं कम मिहिनत गरेर पाएको ठाउँ भनेका छन् । लिम्बुवानलाई पल्लो किरात पनि भनिन्छ । बिशेष गरी लिम्बुवान अरुण पूर्व, मेची पश्चिम, चीनको तिब्बत दक्षिण र इण्डिया सिमानाको उत्तर यो भित्रको ठाउँलाई वर्तमान लिम्बुवान भनिन्छ । हाल यहाँ लिम्बू मात्र नभएर सबै जातिहरूको बसोबास पाइन्छ । पृथ्वी नारायण शाहको एकिकरणसंगसंगै अन्य जातिहरू पनि प्रवेश गराउदै वंशानु नामहरू परिवर्तन गर्दै ल्याए र त्यहाँका रैथाने लिम्बुहरूसंग युद्ध गरेर नसक्ने हुँदा जाल पूर्वक सन्धिहरू गर्दै पछि लिम्बुहरूको किपट प्रथा समेत समाप्त पारे । हाल लिम्बू र लिम्बुवान शब्दले राजनीतिक रुप फेरिसकेको छ । नेपालको तथ्याङ्क २०५८ अनुसार ३.५८ प्रतिसत जनसंख्या लिम्बुहरू भएको र ९० प्रतिसत आफ्नै लिम्बू भाषा बोलेको पाइन्छ । लिम्बुवान भित्र स्वायत्तराज्यको महत्वाकाङक्षा लिएर धेरै पार्टीहरू खोलेका छन् ।

लिम्बुहरू राज्य सञ्चालन गर्न समेत योग्य र सक्षम छन । यी पार्टी र नेताहरू मिले लिम्बुवान स्वायत्तराज्य प्राप्त गर्न त्यति गाह्रो जस्तो देखिन्दैन । कारण लिम्बुहरूसंग धेरै आधारहरू छन् । सेन र शाहकालका राज्य सरकारहरूले पटकपटक प्रदान गर्दै आएको लालमोहर, रोक्कापत्र र चार किल्लेपत्रहरूले स्पष्ट हुन्छ । ती दस्तावेजहरू नेपाल देखि लण्डनको पुस्तकालय सम्म सुरक्षित छन । हाल राजनीतिक नयाँ नेपाल र प्रान्तहरूको विषयमा सुनसरी, मोरङ्ग र झापा जिल्लालाई कोचिला प्रदेश भन्नु निराधार अनि पूर्वग्रहीमात्र देखिन्छ । सिमानाको बिषयमा पंतिकारले अध्ययन गर्दा हक्सन दस्तावेज लिम्बू राईटिङ-बुक, भोलम ८५, लिम्बूका धर्मचलन और विहोरा लिम्बूका दस्तुर, पाना नम्बर ४३ मा प्रष्टसंग उल्लेख गरेकोछ त्यो क्षेत्र लिम्बुवान हो भनेर ।

**स्रोतः**

**कुरुम्बाङ**, भीमराज. (२०५१/२). कुरुम्बाङ वंशावली
**थेबे**, प्रसाद, (२०५७). लिम्बूको संक्षिप्त इतिहास र थेबे वंशावली
**चेमजोंग**, ईमान सिंह. (1948). किरात इतिहास
**माबुहाङ**, अर्जुनबाबु. (२०६३). लिम्बूवान
**मावोहाङ**, सुब्बा प्रेमबहादुर. (२०११). संक्षिप्त नेपाल इतिहास, ललितपुरः भुपेन्द्रनाथ शर्मा ढुंगेल
**तुम्बाहाङफे**, लीलाबहादुर. (२०६३). सातरेनुहाङ तुम्बाहाङफे वंशावली
**चोङबाङ**,खड्कबहादुर. (२०४७). हुक्पा चोङबाङ वंशावली
खापुङहाङ वंशावली २०६२
ब्रिटिश पुस्तकालय लण्डन

Journal 2009